# माटो परिक्षण गरी स्वाएल हेल्थ कार्ड वितरण कार्यक्रम सञ्चालन कार्यविधि,२०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०५/१६)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

Scanned with CamScanner

प्रदेश ... व्यवस्था, कृषि तथा सहकारी ... हेटौंडा, मकवानपुर

# माटो परिक्षण गरी स्वाएल हेल्थ कार्ड वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रस्तावनाः विरुवालाई आवश्यक सन्तुलित मलखाद्यको मात्रा पुर्ति गरी कृषकहरुको खेतबारीमा आवश्यक पर्ने मलखादको मात्राको यथार्थ विवरण संकलन गरेर माटोको भौतिक एवम् रसायनिक गुणको अध्ययन गरी गुणस्तरिय बाली उत्पादनको लागि सहयोग पुर्याउन माटो विश्लेषण गरी स्वाएल हेल्थ कार्ड वितरण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको सहमति तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "माटो परिक्षण गरी स्वाएल हेल्थ कार्ड वितरण कार्यक्रम सञ्चालन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "स्वायल हेल्थ कार्ड" भन्नाले कुनै स्थानको माटोको अवस्था दर्शाउन अभियानको रुपमा त्यस ठाँउको माटो परिक्षण गरी सो आधारमा दिईने प्रतिवेदन बुझ्नु पर्छ।

(२) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतका कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बुझ्नु पर्छ ।

(३) "मन्त्रालय" बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई बुझ्नु पर्छ ।

(४) "प्रयोगशाला" भन्नाले माटो तथा मल परिक्षण प्रयोगशाला, हेटौंडा बुझ्नु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ,-

(क) माटोमा रहेको विद्यमान खाद्यतत्व पहिचान, सम्बन्धित समस्याहरुको समाधान गर्दै प्राङ्गारिक श्रोतको प्रबर्धन गरि कृषि उत्पादनमा सुधार ल्याउने,

(ख) माटोको भौतिक एवम् रसायनिक गुणको जानकारी लिने र विज्ञ विशेषज्ञको सल्लाह अनुरुप माटोमा आवश्यक तत्वहरुको उपलब्धता बढाई माटोको गुणमा सुधार ल्याउने ।

## परिच्छेद-२



Scanned with CamScanner

४. <u>सञ्चालन गरिने कार्यक्रमहरुः</u> यस कार्यक्रम अन्तर्गत देहाय बमोजिकका क्रियाकलापहरु संचालन गरिनेछ।

(क) स्वायल हेल्थ कार्ड वितरण सम्वन्धि कार्यक्रम संचालनको लागी फिल्डस्तरमा गई सरोकारवाला निकाय तथा कृषकहरुमा कार्यक्रमको बारेमा छलफल एवम् जानकारी गराउन एक दिने अन्तरक्रिया गोष्ठी संचालन गरिनेछ ।

(ख) माटोको नमुना संकलन, माटो परिक्षणको आवश्यक्ता र परिक्षण पश्चात व्यवस्थापन सम्बन्धमा एक दिने सहभागितामुलक फिल्डस्तरको तालिम संचालन गरिनेछ ।

(ग) माटोको नमुना संकलन पश्चात प्रयोगशालामा ल्याई विज्ञ तथा विशेषज्ञको रोहवरमा उक्त माटोका नमुनाहरु परिक्षण गरिने छ। माटोको नमुना परिक्षण गर्ने सम्बन्धमा आवश्यक पर्ने रसायन तथा माटोको गुणस्तर चेकजाच गर्ने मेशिनरी औजार उपकरण समेत खरिद गर्न सकिनेछ ।

(घ) माटोको नमुनाहरु विश्लेषण पश्चात परिक्षणको नतिजाको आधारमा प्रतिवेदन तयार गरिनेछ ।

(ङ) अन्तमा स्वायल हेल्थ कार्ड वितरण कार्यक्रमको आयोजना गरी कार्यक्रम सम्पन्न गरिनेछ।

५. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u> स्वायल हेल्थ कार्डको वितरण कार्यक्रमको सञ्चालन देहाय बमोजिम हुनेछ ।

(क) स्वायल हेल्थ कार्डको वितरण कार्यक्रमको अवधि एक आर्थिक वर्ष सम्मको हुनेछ।

(ख) पहिलो पटकमा सरोकारवाला निकायहरुसंग सहभागीतात्मक अन्तरकृया गोष्ठी हुनेछ।

(ग) दोस्रो पटकमा माटोको नमुना संकलनको लागी तालिम कार्यक्रम संचालन गरी माटोको नमुना संकलन गरिने छ।

(घ) कार्यक्रम लागू भएको क्षेत्रबाट एक पटकमा १०० वटा माटोको नमुना संकलन गरिने छ । कम्तिमा ५ पटक नमुना संकलन गरिनेछ । माटोको नमुना संकलन गर्दा मन्त्रालय तथा मातहतका कार्यालयहरुवाट सञ्चालन भएको सामूहीक खेती, नमुना एकीकृत कृषि फर्म, नमुना कृषि फर्महरुलाई प्राथमिकता दिईनेछ ।

(ङ) संकलित नमुनाको Routine analysis (पि.एच, प्राङ्गारिक पदार्थ, नाईट्रोजन, फस्फोरस, पोटास र चुनौट) साथै सुक्ष्मतत्वहरु (वोरोन, जिङ्क) परिक्षण गरी सोहि तत्वहरुको विश्लेषण गरी Soil health card मा समावेश गरिनेछ।



Scanned with CamScanner

(च) कुनै पनि कृषि ज्ञान केन्द्र, फार्म केन्द्र, स्थानियतह, कृषक समुह/सहकारी, प्राईभेट फर्म आदिले स्वायल हेल्थ कार्ड वितरण कार्यक्रम गर्न चाहेमा माटो तथा मल परिक्षण प्रयोगशालामा समन्वय गरि गर्न सकिने छ।

(छ) स्वायल हेल्थ कार्डको प्रतिवेदन अनुसूची-१ बमोजिमको हुनेछ ।

(ज) कार्यक्रम सञ्चालनको लागि लाग्ने खर्चहरुको सम्बन्धमा प्रचलित कानून वमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुखवाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

६. माटो परिक्षण गरि स्वायल हेल्थ कार्ड वितरण कार्यक्रम प्रतिवेदनः माटोको जाँच गरी स्वायल हेल्थ कार्ड प्राप्त किसानहरुको नाम, ठेगाना, माटो जाँचको परिणाम, मलखाद्य सिफारिस सहितको संलग्न प्रतिवेदनहरु तयार गरी कृषि ज्ञान केन्द्र, स्थानिय निकायको कृषि शाखा र माटो तथा मल परिक्षण प्रयोगशालामा राखुपर्ने छ।

७. माटो तथा मल परिक्षण प्रयोगशालाले एउटा आर्थिक बर्षमा स्वायल हेल्थ कार्ड वितरण कार्यक्रम संचालन गरेको स्थानहरुको माटो सुधारको अवस्था अध्ययनको लागी कार्यक्रमहरु सालबसाली रुपमा प्रस्ताव गरी कार्यक्रम संचालन गरिनेछ।

## परिच्छेद- ३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

८. आर्थिक अनुशासनः कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजानिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५, सार्वजानिक खरिद ऐन, २०६३ तथा सार्वजानिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ४
## विविध

९. अनुगमन तथा मुल्याङ्कनः

(क) मन्त्रालय, निर्देशनालय वा ज्ञान केन्द्रले सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन हुनेछ।

(ख) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रम अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन दिनसक्ने छ।



Scanned with CamScanner

१०. <u>प्रगती प्रतिवेदन पठाउनुपर्नेः</u> (१) चौमासिक रुपमा प्रदेशभर माटो जाँच भएको रिपोंट र स्वायल हेल्थ कार्ड लागु भएको क्षेत्रको रिपोर्ट तथा विवरण माटो तथा मल परिक्षण प्रयोगशालाले कृषि विकास निर्देशनालमा पठाउनु पर्नेछ।

(२) कृषि विकास निर्देशनालयले चौमासिक र वार्षिक रुपमा संचालित स्वायल हेल्थ कार्ड वितरण कार्यक्रमको विवरण मन्त्रालयमा पठाउनुपर्ने छ।

११. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधि उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१२. <u>बाधा अड्काउ फुकाउनेः</u> (१) कार्यविधि कार्यान्वयनको सन्दर्भमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) कार्यविधि कार्यान्वयनमा वाधा अड्चन आईपरेमा वा विवाद उत्पन्न भएमा मन्त्रालयको निर्णय नै अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्ने छ।



Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची ४

# स्वायल हेल्थ कार्डको प्रतिवेदन

प्रदेश सरकार
भुमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
माटो तथा मल परिक्षण प्रयोगशाला , बागमती प्रदेश हेटौडा, मकवानपुर

## माटो स्वस्थताको प्रमाण पत्र तथा मलखाद्य सिफारिस प्रतिबेदन

मिति : ..................

प्र दर्ता नं. : ..................

नाम : श्री ................................ खेत /बारी ............

ठेगाना : ...................... कित्ता नं. .....................

जिल्ला :............ न.पा.।गा.पा. ................

वडा नं. : ........ माटोको बनोट : बलौटे ...... पागो ....... चिम्टे ......

माटोको स्वस्थताको अवस्था :

| माटोको पि .एच......... | प्राङ्गारिक प्रदार्थ %.......... | नाइटोजन %.......... | फस्फोरस कि.प्र. हे.......... | पोटास कि.प्र. हे........ | जिकं पि.पि. एम........ | बोरोन पि. पि. एम........ | अन्य परिक्षण |
|---|---|---|---|---|---|---|---|
| | | | | | कम | कम | |
| अम्लीय | कम | कम | कम | कम | मध्यम | मध्यम. | |
| तटस्थ | मध्यम | मध्यम | मध्यम | मध्यम | अधिक | अधिक | |
| क्षरिय | अधिक | अधिक | अधिक | अधिक | | | |

### सिफारिस प्रतिबेदन

१. कृषि चुन ......................... के.जी प्रति रोपनी

२. रसायनिक मलको साथमा गुणस्तरिय प्राङ्गारिक मल तल दिइउको मात्रामा अनिबार्य प्रयोग गनुहोस ।

| | | |
|---|---|---|
| १५०० कि.ग्राम वा ६० डोको मलप्रति रोपनी | १००० कि.ग्राम वा ४० डोको मल प्रति रोपनी | ५०० कि.ग्राम वा २० डोको मल प्रति रोपनी |

३ . खाद्यतत्वको सिफारिस मात्रा

| बालिको नाम | युरिया कि.गा. प्र. रोपनी | | | डि.ए( पी. कि.गा. प्र. रोपनी | | | पोटास कि.गा. प्र. रोपनी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कम | मध्यम | उच्च | कम | मध्यम | उच्च | कम | मध्यम | उच्च |
| धान | | | | ३.२६ | १.६३ | ०.८२ | २.५१ | १.२५ | ०.६३ |
| सिंचित | १०.८५ | ५.४३ | २.७१ | २.१७ | १.०९ | ०.५४ | १.६७ | ०.८४ | ०.४२ |
| मकै बर्षे | ६.५१ | ३.२६ | १.६३ | ३.२६ | १.६३ | ०.८२ | २.५१ | १.२५ | ०.६३ |
| हिउदे मकै | ६.५१ | ३.२६ | १.६३ | ५.४३ | २.७१ | १.३७ | २.१७ | १.०९ | ०.५५ |
| गहु | १०.८५ | ५.४३ | २.७१ | ४.३४ | २.१७ | १.०९ | २.५१ | १.२५ | ०.६३ |
| कोदो | ६.५१ | ३.२६ | १.६३ | १५.१९ | ७.६० | ३.८० | ८.३५ | ४.१८ | २.०९ |
| आलु | २३.८७ | ११.९४ | ५.९७ | | | | | | |

........................
प्रमाणित गर्ने

......................
प्रबिधिक



Scanned with CamScanner